# पाठ - 7
## नमाजको वाजेबात (अनिवार्य कुराहरू)

# الدرس السابع - نيبالي
## واجبات الصلاة

१ - तकबीरतुल एहराम बाहेक नमाजमा भनेको सबै तकबीरहरु ।
२ - रुकूअमा एक चोटि सुब्हान रब्बियल अजीम (سبحان ربي العظيم) भन्नु ।
३ - एकलो नमाज पढ्दा वा सामुहिक नमाजमा इमामको लागि यो अनिवार्य छ कि रुकूअबाट उठने समयमा समीअल्ला हुलिमन हमिदह (سمع الله لمن حمده) भन्नु
४ - रुकूअबाट उठिसके पछि रब्बना वलकल हम्द (ربنا ولك الحمد) भन्नु ।
५ - सजदामा एक चोटि सुब्हान रब्बियल आअला (سبحان ربي الأعلى) भन्नु ।
६ - दुवै सजदाको बीचमा रब्बिग फिरली (رب اغفر لي) भन्नु ।
७ - प्रथम तशहहुद ।
८ - प्रथम तशहहुदको लागि बस्नु ।

## नमाजको स्तम्भहरू

१ - फर्ज अर्थात अनिवार्य नमाजमा उभिने, यदि शक्ति छ भने, र नफिल नमाजमा उभिनु अनिवार्य छैन, तर बसेर पढेको नमाजमा उभिएर पढेको नमाज भन्दा आधा पुण्य पाइन्छ ।
२ - तकबीरतुल एहराम ।
३ - हरेक रकअतमा सुरहःफातिहा पढनु ।
४ - हरेक रकअतमा रुकूअ गर्नु ।
५ - रुकूअ पछि सिधा खडा हुनु ।
६ - हरेक रकअतमा दुई चोटि सातौं अँगहरुले सजदा गर्नु ।
७ - दुवै सजदाको बीचमा बस्नु ।
८ - उल्लेख सबै कार्यहरु शान्ति पुर्वक तरिकाले गर्नु ।
९ - अन्तिम तशहहुद ।
१० - अन्तिम तशहहुदमा बस्नु ।
११ - नबी ﷺ माथि दरुद पठाउनु ।
१२ - सलाम फेर्नु ।
१३ - हरेक स्तम्भलाई क्रमिक रुपले अ-आफ्नो पालो र समयमा गर्नु ।